असार १५ भित्रै शिक्षा विधेयक पास हुन्छ: सांसद बर्तौला। पृष्ठ ५ मा


# विकास

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय: थाहा नगरपालिका-७ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेल: bikaskhabar@gmail.com

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१७, अंक-४५ ● २०८२ जेठ १२ गते सोमबार, ● 26 May, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### गोपाल वंशको इतिहास बोकेको गाउँ

## पर्यटकको पर्खाइमा 'कुन्छाल गाउँ'



विकास संवाददाता
थाहानगर

संघीय राजधानी काठमाडौंबाट मात्र एक घण्टाको दूरी छ, कुञ्छाल गाउँ । यहाँ तीन सय वर्ष पुराना घरमा बास बस्न मात्र होइन, त्यति नै अघि बनेका ढुंगेधाराको पानी पिउन पाइन्छ। कुन्छाल, मकवानपुर जिल्लाको थाहा नगरपालिका भित्रको पुरानो गाउँ हो। हरियालीबीचको बस्ती अत्यन्तै सुन्दर छ, वातावरण रमणीय छ। बुट्टेदार झ्याल र रातो टायलका छानो भएका पुराना घर टाढैबाट पनि निकै आकर्षक देखिन्छन् ।

नेपालको ऐतिहासिक, प्राचीन तथा सांस्कृतिक महत्व बोकेको यो बस्तीमा सामुदायिक घरबास (होमस्टे) सञ्चालनमा आएको छ । तर, कुञ्छाल गाउँ पुग्नेहरू भने ज्यादै थोरै छन्। अर्थात्, गाउँलेहरू पर्यटकलाई स्वागत गर्न आतुर छन् । थाहा नगरपालिकाका अनुसार यहाँ ऐतिहासिक गोपालीहरूको बसोबास थियो। यसलाई पर्यटकीय गाउँ बनाउने प्रयासमा पालिका पनि लागेको छ । त्यसोतः ३८औं विश्व पर्यटन दिवसका अवसरमा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले तीनवटा पर्यटकीय गाउँ घोषणा गरेको थियो। तीमध्ये एउटा कुञ्छाल थियो । भिटोफले हरेक वर्ष तीन गाउँलाई पर्यटकीय गाउँका रूपमा घोषणा गर्ने र प्रवर्द्धनदेखि प्याकेज बनाउनेसम्मका काम गर्दै आएको छ । 'कुन्छाल' गाउँलाई त्यहाँ उपलब्ध शिलालेख र ताम्रपत्रहरूका आधारमा तीन सय वर्ष पुरानो मानिए पनि कतिपय स्थानीय हजार वर्षको प्राचीन इतिहास यो गाउँले बोकेको दावी गर्छन् । यस गाउँलाई आजसम्म प्राकृतिक प्रकोपले पनि कहिल्यै क्षति नपुऱ्याएको स्थानीय बताउँछन् । नेपालको पहिलो त्रिभुवन राजपथसँगै जोडिएको यो बस्ती राजधानी काठमाडौंबाट नौबिसे हुँदै त्रिभुवन राजपथको बाटोबाट ६० किमी टाढा छ ।

नयाँ खोलिएको थानकोट-चित्लाङ कच्ची बाटो हुँदै जाँदा मात्र ३० किलोमिटर पार गर्दा 'कुन्छाल' पुग्न सकिन्छ। फर्पिङ-फाखेल-मार्खु हुँदै जाने हो भने ५५ किलोमिटर दूरीमा यो स्थान रहेको छ। लिच्छविकालीन राजा अंशु बर्माको समेत शिलालेख रहेको भनिएको यस बस्तीको तथ्यगत इतिहास भने तीन सय वर्ष पुरानो देखिन्छ। यहाँका अन्य गाउँहरूमा नेवाः समुदायभित्रका मिश्रित जातिको बसाइ रहेको देखिए पनि कुन्छाल गाउँमा भने केवल ग्वाला समुदाय अर्थात् हालका गोपाली भन्न रूचाउने गोपालवंशीहरूको मात्र बसाइ छ ।

नेपालकै पुरानो र मौलिक सभ्यता बोकेको गोपालीहरूको बस्ती कुन्छाल गाउँमा धेरै अनौठा प्रचलन पनि छन् । यस बस्तीमा एक अनौठो चलन छ । यहाँ कुखुरा पाल्न वा कुखुराजन्य परिकार खान निषेध छ । कुन्छालबासीले कुखुरालाई अपवित्र मान्ने पुरानो प्रचलन अहिले पनि पछ्याइरहेका छन् । एक सय ७३ घरपरिवार भएको कुन्छालु गोपाली गाउँमा युवादेखि वृद्धवृद्धासम्म मिलेर सामुदायिक होमस्टे सञ्चालनमा ल्याएको गाउँका अगुवा ७३ वर्षीय विष्णु गोपालीले बताए। यहाँ बोल्ने भाषा परम्परागत नेवारीभन्दा फरक छ । पुर्खाले बनाएका संरचना जोगाएर राखेका छन् ।

'हामीले बोल्ने नेवारी भाषा काठमाडौंमा बोलिनेभन्दा फरक छ,'विष्णु गोपालीले भने, 'शब्द, लवजमा धेरै फरक छ, हाम्रो भाषालाई प्राचीन नेपालमण्डलभित्रका भाषा भन्दा हुन्छ ।' उनका अनुसार नेपाल भाषाको इतिहास, मौलिकता आदि अध्ययन गर्न धरैजना आउने गर्छन् ।

त्यसैगरी, यहाँका महिलाहरू पनि पहिलेदेखि नै पुरूषसरह काम गर्ने गरेको ७० वर्षीया माइजुमाया गोपालीले बताइन् । थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टले गाउँको डबलीमा बसेर दैनिक दिने शिक्षाका कारण तत्कालीन समयमा पनि महिलाहरूले पढ्न र अधिकारका कुरा गर्न थालेको उनी सम्झन्छिन् । वि.सं. २०५२ देखि २०६२ सम्म चलेको जनयुद्धको समयमा छोरी गुमाएकी माइजुमायालाई अहिलेको परिवर्तनमा आफ्नो परिवारको पनि रगत मिसिएकोमा गर्व लागेको छ ।

उनका अनुसार तत्कालीन समयदेखि काम गर्ने, समय खेर नफाल्ने भन्ने सोच पलाएका कारण आफू यो उमेरमा पनि खेती गरेर खाइरहेको उनी सुनाउँछिन् । उनका अनुसार यहाँका पुरूषले पनि भान्साको काम गर्ने गर्छन् भने महिलाहरूले पनि पुरूषसरह खेतीपातीको काम गर्छन् । यहाँ आउने पाहुनालाई आफ्नै खेतीबाट उब्जेको अन्न तथा सागसब्जी खुवाउने गरिन्छ । थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले यहाँ हरेक १२ वर्षमा एकपटक देवीनाच लाग्ने गरेको र यो नाचको सम्बन्ध काठमाडौंको केन्द्र हनुमानढोका दरबारसँग रहेको

बाँकी पेज ५ मा

## थाहालाई महिला भलिबल प्रतियोगिताको उपाधि



◆ विकास संवाददाता

मकवानपुरको हेटौंडामा भएको तेस्रो संस्करणको जिल्लास्तरीय अन्तरपालिका महिला भलिबल प्रतियोगिताको उपाधि थाहा नगरपालिकाको टिमले चुमेको छ । ६ जेठमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको महिला भलिबल प्रतियोगिताको फाइनल खेलमा हेटौंडा उपमहानगर पालिकाको महिला टिमलाई ३-० को सोझो सेटले पराजित गर्दै थाहा नगरपालिकाको महिला टिमले उपाधि आफ्नो पक्षमा पारेको हो ।

थाहा नगरले हेटौंडालाई क्रमशः २५-२०, ३०-२८ र २५-१९ को सोझो सेटले सहजै पराजित उपाधि जित्न सफल भएको हो । उपाधि जितेसँगै थाहा नगरपालिकाको महिला टिमले एक लाख रूपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् भने उपविजेता हेटौंडाको महिला टिमले ८० हजार रूपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

यस्तै सेमीफाइनलमा पराजित भएका बकैया र भीमफेदीको महिला टिमले जनही ३०/३० हजार रूपैयाँ नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै थाहा नगरपालिकाकी गंगा गुरूङले ७ हजार रूपैयाँको नगद पुरस्कार प्राप्त गरेकी छिन् । यस्तै थाहा नगरका किरण गिरी उत्कृष्ट प्रशिक्षक, हेटौंडाकी अप्सना उप्रेती उदयमान खेलाडी, हेटौंडाकी आयुषा सिंह दनुवार उत्कृष्ट डिफेन्डर, भीमफेदीकी तुलसी चौधरी उत्कृष्ट ब्लकर, थाहानगरकी लक्ष्मी बलामी उत्कृष्ट सेटर र हेटौंडाकी नेहा चौधरी उत्कृष्ट स्पाइकर घोषित हुँदै जनही ४-४ हजार रूपैयाँको नगद पुरस्कार प्राप्त गरेका छन् । केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबलको संयुक्त आयोजनामा तथा हेटौंडा उपमहानगर पालिकाको मुख्य सहयोगमा ४ जेठबाट सुरू भएर ६ जेठसम्म सञ्चालन भएर सम्पन्न भएको हो। प्रतियोगिताका लागि मकवानपुर जिल्ला खेलकुद विकास समिति र नगर खेलकुद विकास समितिले सहकार्य गरेको थियो ।

केशवलाल प्रतिष्ठानका अध्यक्ष प्रताव विष्टको अध्यक्षतामा तथा उपमहानगरपालिकाकी मेयर मीना कुमारी लामाको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन कार्यक्रम भएको हो। समापन समारोहमा प्रदेश खेलकुद विकास परिषद्, बागमीका निवर्तमान बोर्ड सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष वेश खड्गी, कार्यालय प्रमुख माधव कोइराला, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाका निवर्तमान प्रमुख कृष्णप्रसाद घिमिरे, वडाध्यक्षहरूको उपस्थिति रहेको थियो ।




## • सम्पादकीय •

# गुणस्तरीय शिक्षाका लागि जिम्मेवार बन

शिक्षा मानिसको नैसर्गिक मौलिक अधिकार हो । तर विडम्बना नेपालमा शिक्षामा निजीकरण र व्यापारीकरणको कारण जसरी भए पनि उच्च अंक ल्याउनुपर्ने परीक्षामुखी शिक्षालाई गुणस्तरको मापदण्ड बनाइएको छ । यो अस्वस्थ प्रतिस्पर्धामा सामुदायिक विद्यालयहरू समेत सामेल हुन थालेका छन् । यस्तो परीक्षामुखि शिक्षाले विद्यार्थीको मौलिकता, सिर्जनशीलता नष्ट गरिदिन्छ । राज्यले नागरिकलाइ गुणस्तरीय शिक्षा प्रदानको व्यवस्था सुनिश्चित गर्नुपर्दछ । गुणस्तरहीन शिक्षा प्रदान गर्नु भनेको राष्ट्रलाई चाँडै बर्बादीतर्फ धकेल्नु हो । गुणस्तरीय शिक्षाविना दीक्षित र प्रमाणित जनशक्तिले उत्पादन, सेवा प्रवाहका क्षेत्रहरू शिक्षा, स्वास्थ्य, निर्माण, अर्थ, संस्कृति, न्यायलगायतका सबै क्षेत्रमा गुणस्तरहीन सेवा प्रदान गर्दै पुनः ती सबै क्षेत्रमा दूरगामी नकारात्मक असर पारिरहेको हुन्छ ।

यसकारण प्रत्येक विद्यालयमा योग्य, सक्षम र क्षमतावान प्रधानाध्यापकको व्यवस्था गरिनुपर्दछ । विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि स्रोत साधन र जनशक्ति कसरी कुशलतापूर्वक परिचालन गर्ने योजना, दूरदृष्टि र कार्यक्रम सम्बन्धित प्रधानाध्यापकसँग हुनुपर्दछ । त्यसकारण प्रत्येक विद्यालयमा योग्यता पुगेका, विद्यालयको प्रगतिमा समर्पित, दृढ इच्छा शक्ति भएका, विद्यालयका सबै शिक्षक कर्मचारीलाई विश्वास र साथमा लिएर अगाडि बढ्न सक्ने व्यक्तिलाई प्रधानाध्यापकको जिम्मेवारी दिइनु पर्दछ । शिक्षण पेसामा अयोग्य वा गुणस्तरहीन जनशक्ति प्रवेश गर्‍यो भने लामो समयसम्म उसले गुणस्तरहीन सेवा प्रवाह गरी लाखौँ बालबालिकाको भविष्य वर्वाद पार्दछ । त्यसकारण शिक्षण पेसामा चाहे अस्थायी वा स्थायी प्रवेशमा कुनै पनि सम्झौता नगरी योग्य शिक्षक प्रवेशको व्यवस्था गर्नुपर्दछ । शिक्षण पेसालाई आकर्षक, मर्यादित र साधनस्रोत सम्पन्न बनाई गुणस्तरीय शिक्षकको प्रवेशलाई सुनिश्चित गरिनुपर्दछ ।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकासले सिकाइमा महत्वपूर्ण भूमिका राख्दछ । तर नेपालको सामुदायिक विद्यालयमा पढ्ने अधिकांश बालबालिको राम्रोसँग पालनपोषण नभएको, अस्वस्थ, पारिवारिक वातावरण बालमैत्री नभएको, अनेक पारिवारिक समस्याका कारण नकारात्मक असर भएका बालबालिकाहरू अध्ययन गर्न आउने भएको कारण सामुदायिक विद्यालयमा अपेक्षित शैक्षिक गुणस्तर सुधार हुनु सकेको छैन । राज्यले तोकेको मापदण्डअनुसार विद्यालयमा प्रशस्त उज्यालो आउने फराकिला कक्षाकोठाहरू, स्वच्छ खानेपानी, उपयुक्त शैक्षिक सामग्री उपयुक्त फर्निचर, स्वच्छ शौचालय, उपयुक्त खेल सामग्री, खेलमैदान, मनोरम हरियालीयुक्त वातावरण, अध्ययनको लागि पुस्तकालय, प्रयोगात्मक अभ्यासका लागि विभिन्न प्रयोगशालाहरू, प्राथमिक उपचारको व्यवस्था, स्वच्छ खाना पाइने क्यान्टिन, आइसिटी ल्याबजस्ता गुणस्तरीय पूर्वाधारहरूको व्यवस्था हुनुपर्छ ।

विभिन्न कारण हेर्दा शिक्षामा प्रमुख लगानीकर्ता राज्य, दोस्रो लगानीकर्ता अभिभावक, विद्यार्थी समाज, शिक्षक, शिक्षा क्षेत्रका विज्ञहरू गुणस्तरीय शिक्षा र शैक्षिक पहुँचका बारेमा स्पष्ट हुनु जरुरी छ । नेपालको सन्दर्भमा यहाँको उत्पादन प्रणाली, मूल्य, मान्यता र आन्तरिक र विश्व बजार समेतलाई मध्यनजर गरी गुणस्तरीय शिक्षाको स्पष्ट परिभाषा तय गर्नुपर्दछ । त्यसमा प्रमुख भूमिका राज्यको हुन आउने भएकाले राज्य जिम्मेवार हुनुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नेपालमा आधिकारिक ट्रेड युनियन र अबको बाटो



◆ केदार धमला

नेपालमा विभिन्न समयमा भिन्न-भिन्न नीति तथा नियमावली बन्ने गरेको छ । नेपालको संविधान २०७२ जारी भएपछि देशले परिवर्तन खोजे पनि जनताको चाहना अनुरूप परिवर्तन हुन सकेको छैन । हरेक नीतिगत कार्यहरूलाई सम्पन्न गर्ने, उपभोक्तालाई डेलिभरी दिने, आमनागरिक र सञ्चारको पहुँचमा हरेक वस्तु पु-याउने, परिवर्तन भएको आभाष र अनुभूति दिलाउने कार्य नै कमजोर बनेको छ ।

सबै निकायमा आधिकारीक ट्रेड युनियनको निर्वाचन हुन सक्दा मात्र देशले खोजे जस्तो र जनताले चाहेजस्तो सेवा सुविधा प्रदान गर्न सकिन्छ । यस कारणले पनि आधिकारीक ट्रेड युनियनको आधिकारिकतालाई पुष्टि गर्न स्वयं सरकार नै थप क्रियाशील भएर लाग्नु पर्दछ । हरेक प्रतिष्ठानमा कुनै न कुनै समस्या नभएको पाइँदैन । त्यसमा पनि नेपाल सरकारसँग बजेट लिएर जनताको सेवा र सुविधा प्रदान गर्ने अंगहरूमा झन समस्या बढी देखिन्छ । सरकारकै अभिन्न अंगको रूपमा रहेको सम्बन्धित मन्त्रालय, विभाग, आयोगलगायत उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल गुणस्तर तथा नापतौल विभाग, खानी तथा भूगर्भ विभाग, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, सूचना तथा सञ्चार क्षेत्रमा सरोकार राख्ने सूचना तथा प्रसारण विभाग, मुद्रण विभाग, सूचना प्रविधि विभाग लगायतबाट धेरै विषयहरू समेटे पनि लक्षित वर्गसम्म सबै विषयको पुहँचमा पुग्न सकेको छैन ।

शहरको कुरा मात्र नगरी दूरदराजमा यसको प्रभाव अझै पुग्न सकेको छैन । कारण आधिकारिक ट्रेड युनियनको अभावमा यस्तो भएको छ । प्रभाव पुगे पनि निश्चित समूह र वर्गमा सीमित बन्न पुगेको छ । यति मात्र होइन, नेपाल सरकारका संवैधानिक आयोगहरू पनि उत्तिकै प्रभावमा रहेका छन् । जुन आमनागरिकको सहजता, सरलता र प्रगति पथमा लम्कने आधारहरू हुन् । नेपालको जल तथा शक्ति आयोग, राष्ट्रिय सर्तकता केन्द्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग, मुस्लिम आयोग लगायत थुप्रै आयोगहरू क्रियाशील रहेका छन् ।

नेपालमा सरकार परिवर्तन भएसँगै विभिन्न आयोगहरू निर्माण र गठन हुने गरेको छ । गठन भएका आयोगहरूको उपयोगिता र उपादेयता विस्तारमा थाहा होला, तर नागरिकले चाहेजस्तो सुविधा प्राप्त गर्न निकै कठिन छ । सिंगो देशलाई केन्द्रमा राखेर राजनीतिक दलहरू मिलेर वा भाग लिएर हुने निर्वाचनबाट सबै तहका जनप्रनिनिधि छनोट भए पनि राष्ट्रिय रूपमा विकासको पहरेदार बन्न नसकेको स्थिति नेपालमा विगत लामो समय देखि नै हो । ढिला जब हुन्छ, तब कामको सुरूआत नै हुँदैन । यसलाई मनन गरेर सेवा डेलिभरी दिने संस्थाहरूमा आधिकारिक ट्रेड युनियनलाई गहन ढंगबाट मान्यता प्रदान गर्नु जरूरी छ ।

### नेपालमा ट्रेड युनियन

नेपालमा प्रजातन्त्र उदय भएसँगै स्थापित राजनीतिक दलको आडमा ट्रेड युनियनहरू गठन भएका छन् । राजनीतिक दलको भातृ तथा शुभेच्छुक संस्थाका रूपमा स्थापित ट्रेड युनियनहरूले साचेजस्तो, श्रमिकले चाहे जस्तो उपभोक्ताले भनेजस्तो गर्न सकेका छैनन् । यसका विभिन्न कारणहरू होलान, त्यस तर्फका कुरा विस्तारमा हुनेछ, तर स्वतन्त्र, निष्पक्ष र भरोषा योग्य बन्न र बनाउन आधिकारिक ट्रेड युनियनको खाँचो छ । सबैले नचाहँदा नहुने भएकाले सरकार चाहिने हो । सबैको जिम्मेवारी सरकारले लिने हो, त्यसकारण नेपालमा जति पनि सरकार मातहतका निकायहरू छन्, सबैमा आधिकारिक ट्रेड युनियन आवश्यक छ ।

### आधिकारिक ट्रेड युनियन

नेपाल सरकारले आधिकारपक ट्रेड यूनियन निर्वाचन निर्देशिका २०५२, ट्रेड यूनियन नियमावली, २०५० को नियम १२ उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी पञ्जिकाधिकारीले नेपाल सरकारको स्वीकृति लिई उक्त नियमावलीको नियम १० को प्रयोजनको लागि भनेर निर्देशिका नै बनाएको छ । निर्देशिकामा स्पस्ट लेखिएको आधिकारिक ट्रेड यूनियन निर्वाचन निर्देशिका २०५२ रहे पनि यसको कार्यान्वयन सबैतिर हुन सकेको छैन । आधिकारिक ट्रेड यूनियनको निर्वाचनको लागि नेपाल अधिराज्यका सबै प्रतिष्ठानहरूमा लागू हुनेछ भनिए पनि प्रतिष्ठानस्तरमा यसको कार्यान्वयन भएको पाइँदैन । जति पनि प्रतिष्ठान छन्, नेपाल सरकारले श्रम ऐन, २०४८ अनुरूप दर्ता भएका सबैलाई यो नियम लागू भए पनि नियम आकर्षित हुन नसक्दा गठन भएका प्रतिष्ठानहरूमा कार्यान्वयन हुन सकेको छैन । श्रम ऐन, २०७४ ले दिएको अधिकारलाई अधिकतम उपयोग गर्न सक्नु पर्दछ । तत् पश्चात मिति २०७५ साल चैत मसान्तसम्ममा भएका संशोधनलाई समेत समेटेर बनेको श्रम नियमावली समेतलाई टेकेर श्रमिकका मुद्दा स्थापित गर्न आधिकारिक ट्रेड युनियन आवश्यक छ ।

### देशभर निर्वाचन एकै पटक

नेपाल सरकारका सबै निकायहरूमा एकै पटक निर्वाचन मिति निर्धारण गरेर निर्वाचन आयोगले निर्वाचन गराए जसरी आधिकारिक ट्रेड युनियनको निर्वाचन गराउनु पर्दछ । सबै कार्यालयको कामको प्रकृति हेरेर उपयुक्त समय र मितिमा देशभर निर्वाचन हुन सक्यो भने मात्र आधिकारिक ट्रेड युनियनले सार्थकता पाउँदछ । गर्न सकिने काम समयमा नगर्दा देशले दुःख पाएको छ । केही प्रतिष्ठानहरूमा आधिकारिक ट्रेड युनियनको निर्वाचन भएपनि अन्यत्र नहुँदा समस्या पैदा भएको छ । भएको प्रतिष्ठानमा पनि कार्यान्वयन फितलो बनेको छ । प्रतिष्ठानका प्रमुखहरूबाट कार्यरत श्रमिकलाई अझैं पनि गोठालो ठान्ने प्रवृत्ति अन्त्य भएको छैन । गोठालोभन्दा नमिठो लागे पनि दोस्रो दर्जाको नागरिक जस्तो व्यवहार कतै छिपेको छैन ।

### देशभर करार र ज्यालादारीको समस्या

राष्ट्रलाई विभिन्न तवरबाट योगदान गर्न सकिन्छ । देशका कुनै पनि नागरिकहरूले न्युनतम सेवा र सुविधामा राष्ट्रलाई योगदान गर्दा हेपिएको आभाष हुनु राष्ट्रको शिर झुक्नु हो, राष्ट्र कमजोर बन्नु हो । सरकारका धेरै एजेन्डा भए पनि सम्बन्धित प्रतिष्ठान वा कार्यालयले अस्थायी, करार तथा ज्यालादारी कर्मचारीको हकमा उचित प्रकारले सेवा, सुविधा तथा रोजगारीको ग्यारेन्टी भएको अनुभूति दिलाउन सकेको छैन । स्वास्थ्यको कुरा त धेरै पछि आउला । समान कामको समान ज्याला नुहँदा हैरानीमा परेका श्रमिकको आवाज नेपालमा क्रियाशील रहेको कुनै पनि राजनीतिक दलको आँखामा पर्न सकेको पाइँदैन । भातृ तथा शुभेच्छुक संस्थाका प्रतिनिधि पनि आफूअनुकूल व्याख्या गरेर समस्या समाधान गर्नेमा उम्कने गरेको धेरै गुनासोहरू छन् ।

### विकल्प सामाजिक सुरक्षा कोष

नेपाल सरकारले सामाजिक सुरक्षा कोषको स्थापना गरेको पनि धेरै वर्ष भइसकेको छ । सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भए पश्चात २०६७ साल चैत ७ गतेबाट कोषले सार्थकता पाएको हो । सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि नेपाली नागरिकहरू आबद्ध हुँदै योगदान गरिरहेका छन् । ऐनले सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने मुख्य उद्देश्य भए पनि आजसम्म चाहेको श्रमिकले कोषमा आबद्ध हुन पाएका छैनन् ।

श्रमिकको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने सबैभन्दा भरपर्दो माध्यम बन्न सक्ने कोषमा सबैको चासो नपुग्दा समस्या समाधान हुन सकेको छैन । कोषको पछिल्लो रेकर्ड अनुरूप करिब २२ लाख धेरै श्रमिकहरू आबद्ध भइसकेका छन् । सामाजिक सुरक्षा कोषले औषधि उपचार तथा स्वास्थ्य सुरक्षा

*बाँकी पेज ३ मा*

# यस कारण मान्छेले अरूको कुरा काट्छन्

सायद अरूको कुरा काट्नु मान्छेलाई निकै रूचि लाग्ने विषय हो । नेपाली परम्परामा धारा, पँधेरालाई कुरा काट्ने थलोका रूपमा चर्चा गरिन्छ अझै पनि । ग्रामीण क्षेत्रमा मेलापात, चिया पसल, चौतारामा जम्मा भएर कुरा काट्ने प्रचलन छ । बिहे, ब्रतबन्ध जस्ता अवसरमा भेला हुँदा पनि मान्छेहरू जम्मा भएर त्यहाँ नभएको व्यक्तिको कुरा काटिरहेका हुन्छन् ।

कसले कति कमायो ? कस्तो घर बनायो ? कस्तो कपडा लगायो ? कहिले कस्तो व्यवहार गर्‍यो ? कति प्रगति गर्‍यो वा कस्तो दुर्गति भोग्यो ? कसले कुन कपडा लगायो, कसको कोसँग लभ पर्‍यो ? को कति राम्रो, कति नराम्रो । कसको कुरा काट्ने, कुन प्रकारको कुरा काट्ने भन्ने विषय व्यक्तिहरूको उमेर, पेशा, रूचि, ज्ञान अनुसार निर्धारण हुन्छ ।

मानिस सामाजिक प्राणी हो । सामाजिक अन्तरक्रियाको एक हिस्साका रूपमा कुरा काट्ने प्रवृत्ति प्राचीन कालदेखि नै मानव व्यवहारको अभिन्न अंग रहँदै आएको छ । कुरा काट्नेलाई सामान्यतया अरूको बारेमा नकारात्मक वा व्यक्तिगत विषयमा अनावश्यक चासो लिनुका रूपमा बुझिन्छ ।

कुरा काट्नु कसैको खिल्ली उडाउनु, डाह गर्नु, निन्दा गर्नु, आलोचना गर्नुमा आधारित हुन्छ तर, मान्छेले किन अरूको कुरा काट्छन् ?

यो प्रश्नको मानिसको मनोविज्ञानसँग जोडिएको हुन्छ । यसलाई गसिपका भन्ने गरिएको पाइन्छ ।

### के हो गसिप ?

त्यो व्यक्तिको उपस्थिति नभएका बेला अरूको व्यक्तिगत जीवन, व्यवहार, वा कमजोरीबारे कुराकानी गर्नुलाई गसिप भनिन्छ । मनोवैज्ञानिक दृष्टिकोणबाट, गसिप एक जटिल सामाजिक व्यवहार हो जसले सूचना आदान-प्रदान, सामाजिक बन्धन र समूहको गतिशीलतालाई प्रभावित गर्छ। गसिप सधैं नकारात्मक हुँदैन, यसले सकारात्मक सूचनाको आदान-प्रदान पनि गर्न सक्छ । नकारात्मक गसिपले सामाजिक सम्बन्धमा तनाव र अविश्वास निम्त्याउँन सक्छ । मानिसहरूले कुरा काट्नुको पछाडि विभिन्न मनोवैज्ञानिक प्रेरणाहरू हुन्छन् ।

### १. सामाजिक तुलना

लियोन फेस्टिङ्गरको सामाजिक तुलना सिद्धान्तका अनुसार, मानिसहरूले आफूलाई मूल्यांकन गर्न र आफ्नो स्थान समाजमा निर्धारण गर्न अरूसँग तुलना गर्छन् । जब कोही व्यक्तिले अरूको कमजोरी वा असफलताबारे कुरा गर्छ, उसले आफूलाई माथि राख्ने प्रयास गर्छ । जस्तो, कसैको असफलता वा गल्तीको कुरा काट्दा व्यक्तिलाई आफ्नो जीवन वा उपलब्धि उत्कृष्ट लाग्न सक्छ । यो व्यवहार विशेष गरी असुरक्षा वा आत्मसम्मान कम भएको अवस्थामा प्रबल हुन्छ ।

### २. ईर्ष्या र असुरक्षा

ईर्ष्या गसिपको एक प्रमुख कारण हो । जब कोही व्यक्ति अरूको सफलता, सौन्दर्य वा समृद्धिलाई देखेर आफूलाई कमजोर वा अपूर्ण महसुस गर्छ, उसले अर्कोलाई होच्याउन गसिपको सहारा लिन्छ । यदि सहकर्मीको भयो भने अर्को व्यक्तिमा ईर्ष्या जाग्न सक्छ, र उसले ती सहकर्मीको कमजोरी वा गल्तीको कुरा काट्न थाल्छ । यो व्यवहारले व्यक्तिलाई क्षणिक रूपमा सन्तुष्टि दिन्छ, तर दीर्घकालमा यो हानिकारक हुन्छ ।

### ३. सामाजिक बन्धन

गसिपले सामाजिक बन्धनलाई बलियो बनाउन पनि भूमिका खेल्छ । एक प्रसिद्ध मानवविज्ञ रोबिन डन्बरले आफ्नो अनुसन्धानमा गसिपलाई सामाजिक गोंदको रूपमा वर्णन गरेका छन् । जब मानिसहरूले एक-अर्कासँग गसिप गर्छन्, उनीहरूले समान रूचि र मूल्यहरूको आधारमा नजिकको सम्बन्ध निर्माण गर्छन् ।कुनै दुई व्यक्तिले दुवैलाई मन नपर्ने मान्छेको बारेमा काट्छन् भने उनीहरूबीच विश्वास र एकताको भावना विकास हुन्छ । जस्तो-कार्यस्थलमा रहेका दुई व्यक्तिले आफूमाथि हैकम चलाउने हामिकको बारेमा सँगै बसेर कुरा काट्छन् भने उनीहरूबीच घनिष्ठता बढ्छ ।



### ४. मनोरञ्जन

गसिपले कुराकानीलाई रमाइलो र रोचक बनाउँछ। मानिसहरू प्रायः नीरस दैनिकीबाट बच्न वा सामाजिक अन्तर क्रियालाई रोचक बनाउन गसिप गर्छन् । कोही व्यक्तिका बारेमा मजाक उडाएर ठट्टा, हाँसो गर्दै रमाइलो गर्न सक्छन् । कुनै सेलिब्रेटीको व्यक्तिगत जीवनबारे कुरा गर्नुले मानिसहरूलाई मनोरञ्जन र सामाजिक संलग्नताको अनुभव हुन्छ ।

### ५. शक्तिको चाहना

गसिपले सामाजिक शक्ति प्राप्त गर्ने माध्यमको रूपमा पनि काम गर्छ। कसैको बारेमा विशेष जानकारी राख्नु वा फैलाउनुले व्यक्तिलाई समूहमा प्रभावशाली बनाउँछ । कसैको गोप्य जानकारी फैलाएर व्यक्ति आफूलाई शक्तिशाली र नियन्त्रणमा भएको महसुस गर्छ । यो व्यवहारले सामाजिक सम्बन्धमा तनाव र अविश्वास निम्त्याउन सक्छ ।

### ६. पीडा, कुण्ठा पोख्ने माध्याम

कसैले धेरै दुःख दिएको, सताएको छ भने उसबाट पीडित अर्को व्यक्तिसँग वा अरू कसैसँग भएर उसको नकार त्मक पक्षका बारेमा मान्छेले कुराकाटिर हेका हुन्छन् । कसैसँगको रिस, आवेगलाई शान्त बनाउन, मनमा कसैप्रति उब्जिएको कुण्ठा पोख्नका लागि पनि अरूको कुरा काट्ने गरेको देखिन्छ ।

**सकारात्मक प्रभाव:**
- गसिपले समूहमा विश्वास र एकता बढाउँछ ।
- व्यक्तिहरूलाई सामाजिक गतिशीलता र जोखिमबारे जानकारी दिन्छ ।
- सामाजिक नियम र मूल्यहरू पालना गर्न प्रेरित गर्छ ।

**नकारात्मक प्रभाव:**
- नकारात्मक गसिपले सम्बन्धमा तनाव र अविश्वास निम्त्याउँछ।
- गसिपको शिकार भएका व्यक्तिको आत्मविश्वास कमजोर हुन सक्छ ।
- उपलब्धिविहीन कुरामा अनावश्यक समय र दिमाग खर्च हुन्छ ।
- अरूको बारेमा चासो, चिन्ता लिँनमा मजा लाग्दा आफ्नो काम, सिर्जनशीताको असर पर्नसक्छ ।

*-अनलाइनखबरबाट साभार*

# भिटामिन 'डी' का कुरा

खानामा हुने क्याल्सियम तथा फोस्फोरस आन्द्रामा शोषित हुने वा गराउने कार्यमा भिटामिन डीले ज्यादै ठूलो भूमिका निर्वाह गर्छ। हाम्रो शरीरलाई आवश्यक पर्नेमध्ये करीब ८० देखि ९० प्रतिशत भिटामिन डी हामीले सूर्यको किरणबाट प्राप्त गर्दछौं भने करीब १० देखि २० प्रतिशतमात्रै हामीले खाने खाना वा अन्य पौष्टिक तत्वबाट प्राप्त हुन्छन् । भिटामिन डी शरीरले शोषण गरेपछि एक प्रकारको हार्मोनमा परिणत हुन्छ । हाम्रो शरीरमा सक्रिय रूपमा रहने भिटामिन डीको स्वरूप अर्थात् हार्मोनलाई 'क्याल्सिट्रिवल' भनिन्छ ।

क्याल्सिट्रिवलले खानाबाट प्राप्त हुने क्याल्सियम र फोस्फोरसलाई आन्द्रामा शोषण गर्ने/गराउने र तिनलाई पुनः मिर्गौलामा ग्रहण गराई शरीरको रक्तसञ्चार प्रणालीमा प्रवाहित गराउन मद्दत गर्दछ। समाजमा भिटामिन डी कमी भई समस्याग्रस्त हुने धेरै व्यक्ति वा समूह छन् । तल उल्लेख गरिएका मानिसमा भिटामिन डी कमी हुने बढी सम्भावना रहन्छ ।

- गोरो छाला हुने व्यक्तिको दाँजोमा कालो छाला हुने व्यक्तिलाई सूर्यको किरणबाट भिटामिन डी प्राप्त गर्न धेरैबेर घाममा बस्नुपर्ने हुन्छ । त्यसकारण नेपालीहरू जो पश्चिमा भैं पूरै निख्खर छाला हुनुको सट्टो गहुँगोरो वा कालो वर्णका हुन्छन्, तिनीहरूमा भिटामिन डी कमी हुने बढी सम्भावना रहन्छ ।
- वयष्क मानिसको छाला जवान मानिसको भन्दा पातलो हुने हुँदा तिनीहरूको शरीर ले जवान वा कम उमेरका मानिसको दाँजोमा कम भिटामिन डी उत्पादन गर्ने हुन्छ ।
- दिनभर नै कपडाले ढाकेर वा सनस्क्रिन लगाएर आफ्नो छाला ढाकिरहने व्यक्तिमा पनि सूर्यको किरण प्रत्यक्ष रूपमा पर्न नपाई भिटामिन डी कमी हुने गर्छ ।
- दिनमा बढी समय घरभित्रै बिताउने, रात्रिकालीन जागिर गर्ने वा हस्पिटलभित्र लामो समयसम्म काम गर्नेमा पनि भिटामिन डी कमी हुने गर्दछ ।

# नेपालमा आधिकारिक .. .

योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने तथा गराउँदै आएको छ ।

सामाजिक सुरक्षा कोषको ऐनमा उल्लिखित सामाजिक सुरक्षा योजना सञ्चालन गर्नका लागि सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ कार्यान्वयन गरेर योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउँदै आएको छ । कोषले रोजगार दाता तथा श्रमिकको सूचीकरण गर्ने, योगदान रकम संकलन गर्ने, कोषमा जम्मा भएको रकम परिचालन गर्ने, सुविधा योजनाहरूको दाबी भुक्तानी व्यवस्थापन गर्ने कार्यहरू सूचारू गर्दै आएको छ । सामाजिक सुरक्षा कोषले अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा समेत योगदानमा आधारित सामाजिक सुरक्षालाई व्यापक र प्रभावकारी बनाउँदै लगेका कारण सबैको प्रभावकारितालाई ध्यान दिन आवश्यक छ ।

*(लेखक नेपाल खानेपानी संस्थान कर्मचारी संघका केन्द्रीय अध्यक्ष हुन् ।)*

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुषणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका वस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, भिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# कैलाशमा अध्यक्षसँग किशोर किशोरी अन्तरक्रिया कार्यक्रम



◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकामा अध्यक्षसँग किशोरकिशोरी अन्तरक्रिया कार्यक्रम सुरू भएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा रूद्राक्ष समाज नेपालको आयोजनामा कार्यक्रम सुरू भएको हो ।

सोमबार एक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष पुरूषोत्तम ठकुरीको अध्यक्षतामा तालिमको उद्घाटन गरिएको हो । कार्यक्रममा बोल्दै अध्यक्ष मुक्तानले गाउँपालिकाले बालबालिकाका साथै किशोरकिशोरी, युवा र जेष्ठ नागरिकलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको बताए । अझ हामीले १२ पास र २० वर्ष पुरा गरी विवाह गर्ने चेलीहरूलाई नगद सहित सम्मान समेत गर्दै आइरहेको मुक्तानले बताए । दीगोपनाका लागि यी यस्ता कार्यक्रमहरू गर्दै आइरहेको अवस्थामा छिट्टै नै बालबालिका केन्द्रीत खेलकुदको कार्यक्रम गरिन लागेका छौं, अध्यक्ष मुक्तानले भने ।

यस अन्तरक्रिया कार्यक्रमले बालबालिका, किशोरकिशोरी र युवाका कुरा संकलित हुने र आगामी नीति तथा कार्यक्रममा ती विषयवस्तु समेटेर अघि बढ्ने अध्यक्ष मुक्तानले प्रतिवद्धता जनाएका छन् । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्लले विद्यालय स्तरमा रहेका किशोर विद्यार्थीहरूको अन्तरक्रियाले स्थानीय सरकारलाई बालबालिका र युवा लक्षित कार्यक्रम निर्माण गर्न सहज रहने बताए । अन्तरक्रियाको क्रममा उठेका साझा विषयवस्तुलाई प्रतिवेदन स्वरूप गाउँपालिकामा पेश गरिने समाजका अध्यक्ष ठकुरीले बताए । अन्तरक्रियामा मनापरामर्श र नेतृत्व विकासका विषयमा पनि छलफल गरिने उनले बताए ।

गाउँपालिकामा रहेका ६ वटा माध्यामिक विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरूको सहभागितामा अन्तरक्रिया सञ्चालन गरिने जनाइएको छ । तालिमलाई बालबालिका तथा युवा क्षेत्रमा सक्रिय रहेका बालिका चौधरीले सहजीकरण गरिने तय रहेको समाजका अध्यक्ष ठकुरीले बताए । सोमबारबाट सुरू भएको तालिम शुक्रबार समापन हुनेछ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, प्रशिक्षक बालिका चौधरी, भवानी माध्यामिक विद्यालयका प्रअ बालचन्द्र मल्ल, गाउँपालिकाका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख रमिला सापकोटालगायतको आतिथ्यता रहेको थियो ।

# बोरिङबाटै सिंचाइ हुने भएपछि किसानमा खुशीयाली

◆ विकास संवाददाता



मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर ७ स्थित हर्दामा वञ्जर जमिनमा सिँचाई सुविधा उपलब्ध भएसँगै स्थानीयमा खुशीयाली छाएको छ । कोदो र मकै खेती मात्र हुँदै आएको वञ्जर जग्गामा सिँचाई सुविधाको पहुँच पुगेसँगै स्थानीयमा खुशीयाली छाएको हो । स्थानीय सीतामाया लोप्चन वञ्जर जमिन छ, आकाशको पानीमा भर पर्नु पर्छ आकाशबाट पानी पर्दा केही अन्नबाली हुने र आकाशको पानीमा निर्भर हुँदै आएको बताउँछन् ।

जमिनदेखि हाल्नुभयो, सिँचाई सुविधाको अभावमा समस्या थियो, आकाशको पानीमा भर पर्ने गरेका थियौ उनले भनिन्–'सँचाइ सुविधाको अभावमा वर्षे एक बालीसम्म भित्रन्थ्यो, त्यसैमा भर पर्नुपर्ने अवस्था थियो । दुःखजिलो र ऋण गरेर लगाएको बाली आकाशे पानी नपर्दा सुकेर र डढेर जाने गरेको छ ।' यस्तै हर्दा खहरे टोल वोरिङ सिँचाइ उपभोक्ता समितिका अध्यक्ष तोत्र बोलखेले चैत, वैशाखमा लगाएको मकै पानी नपर्दा जमरा लागिसकेपछि सुकेर र डढेर जाने गरेको बताइन् ।

आकाशको पानीमा भर्नु पर्ने अवस्था थियो समितिका अध्यक्ष बोलखेले भने, सिँचाइ सुविधाको अभावमा हिउँदे बालीको कल्पना पनि गर्न सकिँदैन थियो, उर्वर भूमि हो तर पानीको अभावमा खाद्यान्न मात्र होइन घरयासी प्रयोगका लागि तरकारी समेत उब्जाउ गर्ने अवस्था थिएन । तर अब बागमती प्रदेश सरकार अन्तर्गतको भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, चितवनमार्फत हर्दा खहरे टोल वोरिङ सिँचाइ योजना निर्माण भएसँगै अब स्थानीयले तीन बाली भित्र्याउन सक्ने भएका छन् ।

स्थानीय उपभोक्ताको करिब तीन लाखसहित ३६ लाख ११ हजार ३९१ हजार रूपियाँको लागतमा हर्दा खहरे टोल वोरिङ सिँचाइ योजना निर्माण सम्पन्न भएको हो । सीतामायाले भनिन्, अब सिँचाई सुविधा उपलब्ध भएसँगै स्थानीयको दैनिकीनै फरिने भयो, कृषि र पशुपालनबाट आयआर्जन गर्ने बाटो पनि खुल्यो । नाम खहरे बस्ती भएपनि पानी हुँदा उर्वर भूमि हो भन्दै बोलखेले सिँचाई सुविधा उपलब्ध भएसँगै अब स्थानीयले खाद्यान्न बालीदेखि तरकारी र नगदे बालीबाट आम्दानी लिने दिन आएको छ । बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले सिँचाई सुविधा अभाव झेल्दै आएका स्थानीयलाई बोरिङ सिँचाईले राहत मिल्ने बताए । उक्त योजनाबाट हाल १० बिगाहा क्षेत्रफल सिँचाइ हुने र थप पाँच बिगाहा क्षेत्रफललाई सिँचाई सुविधा पुग्ने भन्दै अब बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने भएकोले तरकारीदेख खाद्यान्न बालीसम्म गर्न सकिने भएको छ ।

बकैया गाउँपालिका वडा नं. ७ का वडाध्यक्ष मानबहादुर सिन्तानले सिँचाई सुविधा अभावमा लगाएको मकै खाने समयमा सुकेर र डढेर जाने गरेकोमा अब सिँचाई उपलब्ध भएसँगै स्थानीयले तरकारीलगायतका खाद्यान्न उत्पादन गरी आयआर्जन गर्न सहज हुने बताए ।

# कृषकहरूलाई २५ वटा पाडापाडी वितरण

◆ विकास संवाददाता

कृषकहरूको आयआर्जनको स्रोत वृद्धि गराउने उद्देश्यले हेटौंडा उपमहानगर पालिकाले २५ जना कृषकहरूलाई २५ वटा पाडापाडी वितरण गरेको छ । हेटौंडा उपमहानगरपालिका–१५ का कृषकहरूलाई उपमहानगर–पालिकाकी नगर प्रमुख मीनाकुमारी लामा र वडाध्यक्ष सुनिल मोक्तानले पाडापाडी वितरण गरेका हुन् ।

हेटौंडा उपमहानगर पालिकालाई बाग्मती प्रदेश सरकारले शसर्त अनुदान स्वरूप १० लाख रूपैयाँ उपलब्ध गराएको थियो । पहिलो चरणमा सहकारी मार्फत हुर्काइएका पाडापाडीहरू किसानलाई वितरण गरिएको हो। यो कार्यक्रम मार्फत किसानको जीविकोपार्जनमा सहयोग पुऱ्याउने र पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्ने लक्ष्य लिइएको उपमहानगरपालिकाले जनाएको छ । नगर प्रमुख लामाले कार्यक्रमलाई सम्बोधन गर्दै स्थानीय सहकार्य र पशुपालनमाथिको लगानीले दीगो कृषि विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरिन् । उपमहानगरको वडा नम्बर १५ स्थित सुरेशिखर कृषि सहकारी संस्थासँगको सहकार्यमा ३३ वटा पाडापाडी वितरण गर्ने योजना रहेको छ । पाडापाडी पाउने कृषकहरू सहकारीमा आवद्ध हुनुपर्ने, पाडापाडीको मूल्यको ५० प्रतिशत रकम सम्बन्धित कृषकले व्यहोर्नुपर्ने र पाडापाडी पाल्नका लागि गोठ पनि हुनुपर्ने प्रावधान राखिएको छ । पहिलो चरणमा सहकारीमार्फत हुर्काइएका पाडापाडी खरिद गरेर कृषकहरूलाई उपलब्ध गराइएको हो ।

# मनहरी डोठे सुकौरामा आयो खानेपानी, उपभोक्तामा खुशीयाली

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर–३ डोठे सुकौरा क्षेत्र र आसपासका क्षेत्रमा मानिसको बाक्लै बस्ती छ । सबैले घरघरमा गाई, भैसी, कुखुरा, बाख्रा पालेका छन् । घर नजिकै जंगल भएका कारण पनि घाँस दाउरा गर्न स्थानीयलाई कठिन छैन । बस्तुभाउ पालेपछि खेतीपातीका लागि मलजल र उत्पादनमा कुनै चिन्तै छैन । तर, खानेपानीका लागि भने निकै समस्या बेहोर्नुपरेको थियो । उनीहरूले खानेपानीका लागि गर्दै आएको संघर्ष अब टरेको छ । बर्षौंदेखि खानेपानीका लागि भौतारीनुपर्ने बाध्यताको अन्त्य भएको छ । घरकै आगनमा खानेपानीको सुविधा पुगेको छ । घर छेवैमा खानेपानी आएपछि आफुहरू खुसी भएको डोठे सुकौरा खानेपानी उपभोक्ता समितिका सचिब प्रेम मुक्तान बताउँछन् ।

यहाँका एक दुई परिवारको मात्र यो समस्या होइन । ५ सय ५० परिवारले खानेपानीका लागि भोग्नुपरेको समस्या निकै कहाली लाग्दो थियो । पानी लिनका लागि पहिले घण्टौ लगाएर ५ किलोमिटर टाढासम्म पुग्नुपरेको सम्झना छ मुक्तानलाई । गाई, बस्तुलाई नजिकैको खोला, खोल्साको पानी खुवाएपनि खानेपानीका लागि भने ढाटा जानुपर्ने समस्या यहाँका सबै जसो परिवारको हो ।

अहिले भने घर नजिकैको धारामा पानी आएकोमा स्थानीय वासिन्दाहरू दंङ परेका छन् । एक घर एक धारा पुर्याउने लक्षका साथ काम भइरहेको छ । प्रत्येक घरमा खानेपानीका धारा निर्माण गर्ने लक्ष छ । अहिले भने परिक्षणका लागि भनेर धाराबाट पानी आइरहेको छ । यस क्षेत्रमा खानेपानी वितरणका लागि भनेर खानेपानी तथा सरसफाइ डिभिजन नम्बर –१ ले निकै लगानी पनि गरेको छ ।

२०७४ साल देखि यो खानेपानी योजना सुरू भएको हो । वि. सं. २०७८ साल देखि निरन्तर रूपमा खानेपानी डिभिजन कार्यालयको सहयोगमा खानेपानी योजना निर्माण भएको छ । चालु आर्थिक वर्षमा मात्र खानेपानी डिभिजन कार्यालयले ४४ लाख रूपैयाँ खर्च गरेको छ । बितेको आर्थिक वर्षमा पनि ३८ लाख रूपैयाँ खर्च गरेको थियो । सुरूवातीदेखि अहिलेसम्म यस योजनाका लागि डेढ करोड रूपैयाँ भन्दा धेरै खर्च भएको उपभोक्ता समितिका पदाधिकारीहरू बताउँछन् ।

खानेपानी योजनाबाट डोठे, तल्लो सिद्धकाली र घट्टे दमार क्षेत्रमा खानेपानी वितरण गरिने खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका कोषाध्यक्ष इन्जिला मोक्तान बताउँछिन । यस क्षेत्रका ५ सय ५० घरधुरीका लागि भनेर दुइ वटा पानी टंकी निर्माण गरिएको छ । एउटा जमिनमुनी राखिएको पानटंकीमा ७५ हजार लिटर पानी अट्ने क्षमता रहेको छ । अर्को ओभरहेड पानी टंकी निर्माण गरिएको छ । यस टंकीमा २५ हजार लिटर पानी राख्न सक्ने क्षमता रहेको छ । डाँडागाउँलाई ओभरहेड पानी टंकीबाट खानेपानी वितरण गर्ने र तलको समथर मा रहेका वस्ती डोठे, तल्लोसिद्धकाली र घट्टेदमारमा जमिनमुनी गाडीएको पानी टंकीबाट वितरण गरिने उपभोक्ता समितिका सचिब मुक्तान बताउँछन् ।



## पर्यटकको पर्खाइमा……

बताए । यो नाचलाई हनुमानढोका दरबारको डबलीमा देखाइने चलन रहेको उनको भनाइ छ ।

उनी भन्छन, 'कुन्छाललाई एउटा जीवित संग्रहालयका रूपमा विकास गर्दै यहाँको ऐतिहासिक स्वरूपलाई नै निरन्तरता दिन र यहाँको मौलिक स्वरूप, परम्परागत पेसा नै यहाँका स्थानीयको समृद्धिको आधार बनाउन हामीले जोड दिइरहेका छौं ।' मकवानपुरको पहाडी भेग अझ काठमाडौं उपत्यका नजिकका घर २०७२ सालको शक्तिशाली भूकम्पले ध्वस्त भए पनि यहाँ कुनै क्षति नभएको नगरप्रमुख विष्टले बताए । नगरप्रमुख विष्टका अनुसार कुन्छालका बासिन्दा असाध्यै मेहनती छन् । कृषि र पशुपालन उनीहरूको मुख्य पेसा र आम्दानीको स्रोत रहेको उनी बताँछन् । पछिल्लो समय गोपाली समुदायले होमस्टे सञ्चालनका लागि आफैंले खर्च जुटाएर आवश्यक व्यवस्थापन गरेको छ ।

महिला-पुरूषमा कामका हिसाबले भेदभाव नहुनु यहाँको विशेषता हो । बस्ती छेवैको बजारमा मिल भए पनि स्थानीयलाई घरकै ओखलमा कुटेको चामल खाँदा स्वादिलो लाग्ने गर्छ । पर्यटकलाई उसिनेको चामलको भात खुवाउने यहाँको चलन रहेको छ ।

यसैबीच थाहा नगरपालिकाको वडा नम्बर १ र ६ मा पर्ने टिस्टुङ-कुन्छाल पदमार्गमा यात्रा गर्नका लागि राजधानी काठमाडौंबाट गणेशमानसिंह मार्ग चन्द्रागिरि-चित्लाङ हुँदै करिब एक घण्टामा पुग्न सकिन्छ । त्यस्तै बागमती प्रदेशको राजधानी हेटौंडाबाट त्रिभुवन राजपथ हुँदै करिब तीन घण्टामा पुग्न सकिन्छ । टिस्टुङ-कुन्छाल पदमार्गमा यात्रा गर्न कुन्छाल गाउँबाट वा नजिकैको सरस्वती बजारबाट सुरू गर्न सकिन्छ । बज्रवाराहीको सरस्वती बजारबाट वाराहीचौर हुँदै नासपाती बगैँचा भ्रमण, कुन्छाल गाउँ अवलोकन र गणेश मन्दिर दर्शनपश्चात टिस्टुङको वनस्पति उद्यानमा पुग्न सकिन्छ । उद्यानबाट विश्रामसहित ग्रामीण क्षेत्रको जीवनशैली र प्रकृतिको मनोरमताको अवलोकन गर्न सकिन्छ । वनस्पति उद्यानबाट कार्कीछाप गाउँको दैनिकी किसानको जीवनशैली, गोठालाको अनुभव, प्राकृतिक मनोरम दृश्यावलोकन, खेतीपाती गर्दै गौखुरेश्वर महादेवको दर्शन यही रूटमा गर्न सकिन्छ । ढल्टगाउँको अवलोकन गरेपछि अध्याय रिसोर्ट हुँदै उन्मत्तेश्वर महादेवको मन्दिर दर्शन गरी कोत दरबारको अवलोकनपश्चात थाहा नगरकै प्रमुख शक्तिपीठका रूपमा रहेको वाराही मन्दिर र सँगैको चौरबाट पैदल जंगल सफारीसँगै पैदलमार्गमा प्रकृतिसँग लुकामारी गर्न सकिन्छ ।

वाराही मन्दिरबाट उकालो हिँडेर पुगिने वाराही डाँडामा पुग्दा यात्राका सबै थकान मेटिएको अनुभव हुन्छ । निकै मनोरञ्जनात्मक र साहसी पैदलयात्री जस्तै अनुभव गर्न सकिने यस मार्गको दूरी करिब १६ किलोमिटर रहेको छ । वाराही डाँडाबाट पुनः जंगल सफारीसँगै नन्दिकेश्वर महादेव दर्शन गरेर यो पदयात्राको बिट मारिन्छ । स्थानीयहरूको आत्मीय व्यवहार र स्वागतसहितको पैदलयात्रासँगै केही दिनको भ्रमण र बस्नका लागि पनि थाहानगरको बज्रवाराहीमा होटलको राम्रो व्यवस्था भएको तथा कुन्छालमै रहेका होमस्टेमा पनि बस्न सकिन्छ ।

# असार १५ भित्रै शिक्षा विधेयक पास हुन्छः सांसद बर्तौला

◆ विकास संवाददाता



मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ का सांसद महेश कुमार बर्तौलाले विद्यालय शिक्षा विधेयक १५ असार भित्रै पारित हुने बताएका छन् । 'शिक्षक र सरकारबीच भएको सम्झौता अनुसार नै विधेक पास हुन्छ'-बर्तौलाले भने- 'सरकारले गरेको सम्झौता र प्रतिवद्धता पूरा गरेरै छाड्छौं ।' थाहा नगरपालिका वडा नम्बर १० मा रहेको नाटेश्वर माविको २८औं अभिभावक भेलाको उद्घाटन गर्दै ९ जेठमा उनले यस्तो बताएका हुन् । नेकपा एमालेका प्रमुख सचेतक समेत रहेका बर्तौलाले नाटेश्वर माध्यमिक विद्यालयको लागि आठ कोठे विद्यालय भवन निर्माणका लागि आवश्यक बजेटको प्रतिबद्धता समेत व्यक्त गरे ।

कार्यक्रमका विशेष अतिथि तथा थाहा नगरपालिका वडा नम्बर १० का वडा अध्यक्ष हिरा बहादुर गमालले विद्यालयको निम्ति वडाकोतर्फबाट आवश्यक सहयोग गर्दै आइरहेको बताउँदै यसलाई निरन्तरता दिने बाचा गरे । नेपाल भिक्षु महासंघका सचिव भिक्षु निग्रोद सिद्धार्थ महर्जनले परियती नैतिक शिक्षा सम्बन्धी भनाइ राखेका थिए । अभिभावक भेलामा विद्यालयका प्रधानाध्यापक श्री धर्मेन्द्र प्रसाद अर्यालले विद्यालयको वार्षिक शैक्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने लेखापाल पुरूषोत्तम गोपालीले आर्थिक प्रतिवेदन प्रस्तुत गरे । भेलाले दुवै प्रतिवेदन पास गरेको छ ।

कार्यक्रमकै अवसरमा नाटेश्वर माविका शुभचिन्तक इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ का दशनारायण लामाले शैक्षिक सुधारको लागि १५ हजार रूपैयाँ नगद आर्थिक सहयोग गरे । अभिभावक भेलामा विद्यार्थीहरूद्वारा मार्च पास, मनोरञ्जनात्मक खेलकुद, विज्ञान प्रदर्शनी पोषण सम्बन्धी प्रदर्शनी गरिएको थियो । कार्यक्रममा शैक्षिक सुधारको निम्ति अनवरत रूपमा सेवा गर्नुहुने शिक्षक कर्मचारीहरूलाई सम्मान गरिएको थियो । समाजसेवी मिना गोपालीले विद्यार्थीहरूका लागि स्टेसनरी सामग्री तथा ट्र्याक सूट उपलब्ध गराउने प्रतिबद्धता गरिन् । कार्यक्रममा कक्षा १२ का विद्यार्थीहरूलाई मायाँको चिनो वितरण गरी विदाई समेत गरिएको थियो ।

सो अवसरमा विभिन्न विधामा उत्कृष्टता हासिल गरेका विद्यार्थीहरूलाई मेडल तथा प्रमाणपत्रले सम्मान व्यक्त गरिएको थियो। कार्यक्रममा अभिभावकहरूको मनोरञ्जनात्मक म्युजिकल चेयर खेल खेलाइएको थियो । सो प्रतियोगितामा खेलमा प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्ने सहभागीहरूलाई प्रमाणपत्र तथा मेडलबाट सम्मान गरिएको थियो । विद्यालयका शिक्षक रूपचन्द्र गोपालीले सञ्चालन गरेको कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि बहादुर गोपालीको सभाध्यक्षतामा भएको थियो ।

अभिभावक भेलाकै अवसरमा शिक्षक अभिभावक संघका प्रतिनिधिहरू समेत छनोट गरिएको थियो भने बालबालिका तथा शिक्षकहरूले विभिन्न सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरेका थिए । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधिहरू, थाहा नगरपालिकाका वडा नम्बर १० का वडा सदस्यहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, आमा समूह, विभिन्न सहकारीका प्रतिनिधिहरू, समाजसेवी, बुद्धिजीवी तथा अभिभावक र बालबालिकाहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका वक्ताहरूले विद्यालयको विभिन्न गतिविधि र आगामी कार्ययोजना सम्बन्धमा धारणा राखेका थिए ।

# थाहाका महिलालाई प्रविधि हस्तान्तरणका लागि सामग्री सहयोग

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकामा अचार उत्पादनमा क्रियाशील महिलाहरूलाई नयाँ प्रविधि हस्तान्तरण गरिएको छ । महिलाहरूको सीप अभिवृद्धि र उत्पादन क्षमता वृद्धिका लागि सामग्री सहयोग गरिएको हो ।

लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत थाहा नगरपालिकाले ३ नम्बर वडाको घर्तिखोलामा रहेको थाहा अचार उद्योग महिला समुहका उद्यमीहरूलाई आधुनिक ड्राइ मेसिन, सिल मेसिन, कटर मेसिन सहित १ लाख ४० हजार रूपैयाँ बराबरको सामाग्री सहयोग गरिएको हो । सामग्रीहरू नगर प्रमुख विष्णु बहादुर विष्टले हस्तान्तरण गरेका हुन् ।

स्थानीय महिला समूह मार्फत अचार व्यवसायमा आवद्ध महिलाहरूले परम्परागत तरिकालाई प्रविधिसँग जोड्दै व्यवसायिकरूपमा विस्तार गर्ने लक्ष्य लिएका छन् । "पहिले घरायसी तरिकाले अचार बनाउँथ्यौं, अब भने मेशिनको प्रयोग, सही नापजाँच र गुणस्तरको आधारमा उत्पादन गर्न सिक्यौं," महिला उद्यमी यशोदा कार्कीले भनिन् । प्रविधी पाएपछि समुहकी सानु तामाङ मोक्तानले प्रविधिको प्रयोगले उत्पादनमा गुणस्तर कायम गर्न सजिलो हुने र महिलाहरूलाई स्वावलम्बी बनाउँदै स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा लैजाने लक्ष्य लिएको बताइन ।

प्रविधी हस्तान्तरण गर्दै नगर प्रमुख बिष्णु बिष्टले महिलाहरूको आत्मनिर्भरता र उद्यमशीलताको प्रसंशा गर्दै नगरपालिकाले थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले प्रविधि हस्तान्तरण कार्यक्रमले थाहा अचार उद्योगको अचार व्यवसायलाई व्यवस्थित र व्यावसायिक बनाउने अपेक्षा गरिएको बताए ।

कार्यक्रममा थाहा-३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, मेड्पाकी सुनिता बुढा क्षेत्री, मेड्पाका फोकल पर्सन अस्मिता तिवारीलगायत थाहा अचार उद्योगका महिलाहरूको उपस्थिति रहेको थियो ।



'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वधार'

थाहा नगरपालिका

थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।





समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।


# मकवानपुरगढी पर्यटन विकास समन्वय समितिको अध्यक्षमा न्यौपाने

◆ विकास संवाददाता

मकवानपुरगढी पर्यटन विकास समन्वय समितिको अध्यक्षमा केदार प्रसाद न्यौपाने चयन भएका छन् । समितिको ९ जेठमा हेटौँडामा भएको १५ औँ वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनबाट न्यौपानेको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन गरिएको हो ।

समितिको उपाध्यक्षमा शंकरलाल श्रेष्ठ, सचिवमा ओकिलराज बानिया, कोषाध्यक्षमा शंकर बि.सी. र सह–सचिवमा अनिल पराजुली चयन भएका हुन । समितिको सदस्यहरूमा क्रमशः एमपी शर्मा, उमा श्रेष्ठ, सङ्ग्राम श्रेष्ठ, सुमित श्रेष्ठ, विनोद पुडासैनी र कृष्ण प्रसाद पोखरेल चयन भएका हुन । समितिको सल्लाहकार एवम् संरक्षकमा बद्री प्रसाद खतिवडा, घनश्याम शंकर शर्मा, भागीरथी शर्मा खरेल, रामप्रसाद घिमिरे र विष्णु प्रसाद सिग्देल चयन भएका छन् ।

हेटौँडा उपमहानगरपालिका प्रमुख मिना कुमारी लामाले ब्यानर पढेर कार्यक्रमको उद्घाटन गरेकी थिइन् । कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै पर्यटन क्षेत्रको विकासमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाइन । मकवानपुर गढी पर्यटन विकास समन्वय समितिमा विभिन्न पदमा रही संस्थाको विकासमा योगदान पुर्याउनेहरूलाई सम्मान पत्रसहित सम्मानित गरिएको थियो । मकवानपुरको मकवानपुर गढी सहित ढुङ्गे गढी, बकैयामा रहेको अम्बास गढी, चिसापानी गढी, पालुङ गढी, टिस्टुङ गढी, चित्लाङ गढी र कोटथुम्की गढी प्रचार प्रसारको अभावमा अझैँ ओझेलमा परेको अध्यक्ष न्यौपानेले बताए ।




# राक्सिराङमा सुरक्षित स्थानागमन प्रवर्द्धनलाई प्रभावकारी बनाउन चित्लाङ घोषणापत्र जारी

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकामा सुरक्षित स्थानागमन प्रवर्द्धनलाई प्रभावकारी बनाउन नीति निर्माण र कार्यान्वयन केन्द्रित नीति पैरवी कार्यशाला थाहानगरको चित्लाङमा भएको छ । कार्यशालामा सुरक्षित आप्रावासन सम्बन्धि चार बुद्धे चित्लाङ घोषणापत्र जारी गरेको थियो । घोषणापत्रलाई गाउँपालिकाले औपचारिक रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता समेत जनाएको छ ।

घोषणा पत्रमा, राक्सिराङ गाउँपालिका स्तरीय सुरक्षित आप्रवासन नीति तर्जुमा गरी सुरक्षित आप्रवासन मैत्री स्थानीय शासनमा समय सापेक्ष सुधार गर्ने, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि २०७७ को अद्यावधिक सहित समुदाय स्तरीय सुरक्षित आप्रवासन सचेतना समूहको परिचालन सम्बन्धी विधि र प्रकृया समावेश गर्ने, सुरक्षित आप्रवासन मैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि कानुनी रूपमा बाझिएका, दोहोरोपना भएका, नीति नै निर्माण नभएका र समन्वय नभएका ऐन कानुनहरूमा क्षेत्राधिकारको आधारमा जिल्ला, प्रदेश र संघमा नीति पैरवी गर्ने, सुरक्षित आप्रवासन तथा मानव बेचविखन विरूद्धको कार्यक्रमहरूलाई आवश्यकता अनुसार थप गर्दै पालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटको निरन्तरता सहित प्रभावकारिता बढाउनेलगायत उल्लेख छ ।



कार्यक्रममा गाउँपालिका अध्यक्ष राज कुमार मल्लले सम्बोधन गर्दै भने–'नारी सीपको कार्ययोजनाले गाउँमा प्रभावकारी देखिएको छ । तर वैदेशिक रोजगारमा जानेहरूबारे पालिकामा तथ्यांक नहुँदा समस्या उत्पन्न भएको हुन्छ । वडाबाट नागरिकताको सिधै सिफारिसले प्रशासनमा गएर नागरिकता बनाउने र पासपोर्ट बनाउन जानेहरूको लर्को भेटिन्छ । पालिकाबाट पनि थप सिफारिसको व्यवस्था रहेमा अभिलेख राख्न सजिलो हुने थियो ।' उनले दक्ष श्रम आप्रवासनको आवश्यकता औंल्याउँदै फर्किएका श्रमिकहरूलाई पुनः समायोजनका लागि गाउँपालिकाले सहजीकरण गर्दै आएको बताए ।

कार्यशालाको सहजीकरण प्राध्यापक डा. शंकर प्रसाद उपाध्यायले गरेका थिए । नारी सीप सृजना केन्द्र, नेपालको आयोजना र एडब्लुओ इन्टरनेसनलको सहयोगमा सञ्चालित सुरक्षित स्थानागमन प्रवर्द्धन परियोजना अन्तर्गत आयोजना गरिएको कार्यशालामा गाउँपालिका अध्यक्ष राज कुमार मल्ल, उपाध्यक्ष बनस्तम थिङ, १ देखि ९ नम्बर वडाको वडा अध्यक्ष, शाखा प्रमुखहरू तथा नारी सीप सृजना केन्द्रका सचिव रेणु गुरूङ, कोषाध्यक्ष इश्वरी चालिसे, कार्यकारी निर्देशक प्रविण बास्तोला, कार्यक्रम अधिकृत ज्योति बम्जन लगायतको सक्रिय सहभागिता रहेको थियो । सन् २०२३ देखि राक्सिराङ गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ८ र ९ मा सञ्चालित यस परियोजनाले सुरक्षित आप्रवासन, मानव बेचबिखन न्यूनीकरण तथा जीवनोपार्जनको सशक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**कृषि उत्पादन बढाऔं !**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह सुझाव लिऊँ,

*कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी